# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## आधार व्याजदर सम्बन्धमा अन्तरक्रिया

आधार व्याजदर निर्धारण सम्बन्धमा छलफल गर्ने उद्देश्यले बैंकद्वारा आज असोज ३ गते एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा गभर्नर, अर्थ सचिव, डेपुटी गभर्नर, सञ्चालक समिति सदस्य, नेपाल बैंकर्स संघका पदाधिकारी तथा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुको सहभागिता थियो ।



कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै गभर्नर डा. युवराज खतिवडाले मुलुकले अवलम्बन गरेको आर्थिक उदारीकरण अन्तर्गत केन्द्रीय बैंकबाट लिइएको वित्तीय क्षेत्र उदारीकरणको परिणामस्वरुप वित्तीय संस्थाहरुले निक्षेपमा दिने र कर्जामा लिने व्याजदरमा प्रतिष्पर्धा सिर्जना भएको भए पनि हालका दिनहरुमा भने बैंकका ग्राहकहरुमा व्याजदरबारे असन्तुष्टि बढ्दै गएको र त्यसलाई युक्तिसङ्गत र वस्तुगत ढङ्गले हल गर्नु आवश्यक रहेको बताउनु भयो । यस पृष्ठभूमिमा बैंकहरुले निक्षेपमा दिने र कर्जामा लिने व्याजदरको अन्तरलाई आदर्शतम बनाउनका लागि आधार व्याजदर सम्बन्धी अवधारणा सहयोगी हुने विचार व्यक्त गर्नुभयो ।

वित्तीय श्रोत प्रवाह गर्ने संस्था र उपयोगकर्ताका बीच व्याजदर निर्धारणका सम्बन्धमा सदैव विरोधाभाष रहिरहनुभन्दा उपयुक्त विधिका माध्यमबाट समाधानमा जानु उपयुक्त हुने हुँदा आधार व्याजदर लागु गर्नु आवश्यक भएको चर्चा गर्दै उहाँले यस सम्बन्धमा सरोकारवालाहरुसँग छलफल गरी उपयुक्त निष्कर्षमा पुग्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी गराउनुभएको थियो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुले यस समाजमा नै व्यवसाय सञ्चालन गर्ने भएकाले बैंकरहरुले सार्वजनिक चासोलाई सम्बोधन गरेमा नै वित्तीय प्रणालीले जनविश्वास र स्थायित्व प्राप्त गर्ने बताउनुभयो ।।




कार्यक्रममा **'आधार व्याजदरको अवधारणा'** विषयक कार्यपत्र प्रस्तुत गर्दै कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले आधार व्याजदरको निर्धारण गर्दा Cost of Fund, Negative Return on CRR, Cost of Maintaining SLR, Operating cost and Return on Assets लाई आधार मानिने भएकाले यसले बैंक तथा वित्तीय संस्था र सर्वसाधारण सबैको अपेक्षालाई सम्बोधन गर्ने स्पष्ट पार्नुभयो । उहाँले यस अवधारणाले कर्जाका व्याजदर निर्धारणमा विधियुक्तता, पारदर्शिता, कार्यकुशलता अभिवृद्धि गर्नुका साथै आउँदा दिनहरुमा व्याजदर करिडोर निर्धारणमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका सहभागी वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुले आधार व्याजदर सम्बन्धी अवधारणाप्रति सकारात्मक प्रतिक्रिया व्यक्त गर्दै आधार व्याजदर निर्धारण गर्दा प्रस्तावित बाहेक थप लागतहरुलाई समेत ध्यान दिनुपर्ने, लक्ष्यित वर्गलाई प्रदान गरिने कर्जा परिभाषित हुनुपर्ने, र पुँजीको प्रतिफल सुनिश्चित गरिनुपर्ने लगायतका विषय पनि आधार व्याजदर गणना गर्दा समावेश गर्नु पर्ने सुझाव राख्नुभएको थियो ।

सञ्चालक तथा अर्थ सचिव कृष्णहरि बाँस्कोटाले बैंकरबाट आएको सकारात्मक प्रतिक्रियाबाट थप छलफल गरी निर्णयमा पुग्न सकिने धारणा राख्नुभयो । डेपुटी गभर्नर महाप्रसाद अधिकारीले बैंकरहरुबाट यस सम्बन्धमा रचनात्मक सुझाव आएका र ती सुझावहरुलाई समेटेर आधार व्याजदरको खाका तयार पारिने कुरा बताउनुभयो ।

२०६९ भदौ ३ गते बुधवार

गभर्नरको कार्यालय